# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, ज्येष्ठ १६ गते २०१६ साल [अतिरिक्ताङ्क ६ (क)

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय–समयमा भएका संशोधनहरू सहित) को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नेपाल विशेष अदालत ऐन, २०१३ (समय–समयमा भएका संशोधनहरू सहित) बमोजिम गठन भैरहेको निम्नलिखित विशेष अदालतहरू खारेज गरेको छ।

(१) पश्चिम १ नम्बर विशेष अदालत (हाल मुकाम सर्वोच्च अदालत भवन)

(२) नेपाल विशेष अदालत (डिल्लीबजार)

(३) काठमाडौं विशेष अदालत (सिंहदरबार पुतली बगैंचा)

(४) पूर्व ३ नं. विशेष अदालत (हाल मुकाम र. आ. हे. क्वार्टर्स अगाडि)

आज्ञाले–

(मे. ज. क्षेत्रविक्रम राणा)

श्री ५ को सरकारको सचिव,

गृह मन्त्रालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय–समयमा भएका संशोधनहरू सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नेपाल अधिराज्य भित्र जहांसुकै पनि इजलास कायम गर्न सक्ने गरी निम्न लेखिए बमोजिम अध्यक्ष र सदस्यहरू भएको निम्नलिखित विशेष अदालत गठन गरेको छ ।

(क) नेपाल विशेष अदालत:—

(१) माननीय न्यायाधीश श्री पशुपतिप्रसाद उपाध्याय — अध्यक्ष
(२) जिल्ला न्यायाधीश श्री झपटसिंह रावल — सदस्य
(३) अतिरिक्त जिल्ला न्यायाधीश श्री गुणनाथ उपाध्याय — ,,

पश्चिम १ नम्बर विशेष अदालत तथा पूर्व ३ नं. विशेष अदालतलाई सुम्पिएको कारवाइ किनारा लगाउनुपर्ने मुद्दा तथा उजूरी हेरी कारवाइ गर्न यस विशेष अदालतलाई सुम्पेको छ ।

(ख) काठमाडौं विशेष अदालत:–

(१) न्यायाधीश श्री हीरामान प्रधान — अध्यक्ष
(२) श्री काठमाडौं मेजिष्ट्रेट — सदस्य
(३) जिल्ला न्यायाधीश श्री चन्द्रप्रसाद प्रधान काठमाडौं जिल्ला अदालत — ,,

हाल खारेज भएको नेपाल विशेष अदालत तथा काठमाडौं विशेष अदालतलाई सुम्पिएको कारवाइ किनारा लगाउनुपर्ने मुद्दाहरू हेरी कारवाइ गर्न यस विशेष अदालतलाई-सुम्पेको छ ।

आज्ञाले–

(मे, ज, क्षेत्रविक्रम राणा)
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

---

गोरखापत्र छापाखानामा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार